ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*******************************

# शैक्षणिक दृष्टिमा नेपाली नाट्य विधामा पात्र विधान

# Character Construction in Nepali Drama from an Academic Perspective

ओमप्रकाश आचार्य
**Omprakash Acharya**

DOI: https://doi.org/10.3126/amrj.v4i1.78685

[1]उप-प्राध्यापक, नेपाली, जुम्ला बहुमुखी क्याम्पस
[1]Corresponding Author: ORCID: https://orcid.org/0009-0000-4362-5156 Email: omacharya3851@gmail.com
Article History: Received: Jan. 20, 2025 Revised: April. 14, 2025 Received: May. 5, 2025

**लेखसार**

नाटक विधा साहित्यको अभिनयात्मक दृश्यात्मक विधा हो । यस विधामा पात्रको अहम् भूमिका रहन्छ । कथावस्तु अनुरुपका पात्रहरु चयन गरिएका छन् छैनन् ? पात्रको संख्या कथावस्तु अनुसार उपयुक्त छ छैन ? पात्र वर्ग लिंग, कार्य ,भूमिका , स्वभाव , गतिशीलताका दृष्टिले उचित छन् छैनन् ? कथावस्तु–उद्देश्य अनुसार पात्र संयोजन छ छैन ? भनेर केलाउनु नै नाट्य विधामा पात्र विधान हो । नेपाली साहित्यको नाट्य विधामा रहेको पात्रविधानलाई कक्षाकोठामा कसरी शिक्षण गर्दा उपयुक्त र प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा यस अनुसन्धानात्मक लेखमा उल्लेख गरिएको छ । नेपाली साहित्यको नाट्य लेखन यात्राको उत्तरवर्ती आधुनिक कालखण्डका चार प्रमुख नाटकलाई प्रवृत्तिगत आधारमा छनोट गरी यसलेखमा नाट्य सम्राट बालकृष्ण समको अन्धवेग , गोपालप्रसाद रिमालको यो प्रेम वासुशशीको बाँसरीमा नअटाएका धुनहरू र सरुभक्तको असमय अमौसम नाटकमा रहेको पात्र विधानलाई अध्ययन गरिएको छ । पात्र, लिङ्ग, कार्यव्यापार, भूमिका, स्वभाव, गतिशीलताका आधारमा अध्ययन गर्दा यी तीनै नाटकमा पात्र विधानगत भिन्नता छ ।

*शब्दकुञ्जी :* अभिनय, रङ्गकर्मी, पूर्वीय, पाश्चात्य, यथार्थवादी ।

## विषयपरिचय

नाटकमा पात्रको प्रस्तुति, पात्रको रखाइ, पात्र व्यवस्थापन पात्र विधान हो । साहित्यका चार प्रधान विधाहरु मध्ये नाटक प्रमुख विधा हो । कविता , आख्यान , निबन्ध पाठ्य श्रव्य विधाहरु हुन् भने नाटक अभिनय – दृश्य विधा हो । नाटक : नाटककार रगंकर्मी र प्रेक्षक सम्बद्ध विधा हो । नाटकको परम्परा पूर्व र पश्चिम दबैतिर छरिएर रहेको छ । पूर्वीय मान्यता अनुरुप नाटक रुपकको एक भेद मानिन्छ । संस्कृत साहित्यमा नाटकको प्राचीनता वैदिक साहित्यसँग जोडिन पुग्छ । भास संस्कृत परम्पराका पहिला नाट्य प्रतिभा हुन् । कालिदास , शुद्रक , श्रीहर्ष संस्कृत नाट्य विकासका प्रमुख नाटककार हुन् । भरत , धनञ्जय , रामचन्द्र , गुणचन्द्र, विश्वनाथ समेत पूर्वीय नाट्य चिन्तनका प्रतिभा हुन् ।

पाश्चात्य साहित्यमा नाट्य साहित्यको उदय ग्रिसमा भएको हो । सामुहिक नाचगानबाट सुरु भएको नाट्य प्रचलन पाश्चात्य जगतमा प्रशिद्ध विधाका रुपमा स्थापित भएको छ । पाश्चात्यमा दुःखान्त नाटकको लेखन आरम्भ ग्रिसका नाटककार एस्किलसबाट भएको हो । पाश्चात्य नाट्य क्षेत्रका प्रमुख प्रतिभा एरिस्टोटल , दाँते , होरेस , सिड्नी , हेगल , ड्राइडन हुन् । नेपाली साहित्यमा नाट्य विधाको परम्परा प्राचीन ग्रन्थमा उल्लेख भए अनुसार पुराणकाल देखि नै प्रचलनमा रहेको छ । ऐतिहासिक तथ्यका आधारमा लिच्छवी राजा जयानन्दका पालामा नागानन्द नाटक , हरिसिंहदेवका पालामा धुर्तसमागम जस्ता नाटकहरु अभिनय भएको पाइन्छ । लिच्छवीकालीन र मल्लकालीन नाटकहरु संस्कृत , मैथिली , हिन्दी , वंगाली , मराठी , नेवारी भाषामा लेखिएका छन् । लिच्छवीकालीन र

मल्लकालीन नाटकले वसाएको आधारभूमिमा पाइला राख्दै उभिएको नेपाली नाटक वर्तमान समम आइपुग्दा विभिन्न प्रवृत्ति र स्वरुपलाई ग्रहण गर्दै अत्यन्तै सवल स्थितिमा पुगेको देखिन्छ ( भण्डारी र अन्य , २०६८ : ३५१ ) । संस्कृत नाटकबाट प्राप्त प्रेरणा र प्रभावलाई अवलम्बन गर्दै अनुवाद रुपान्तरणको मार्गबाट विकसित भएको नेपाली नाट्य लेखन परम्परामा पहिलो कृति वि. सं. १८५५ को शक्तिवल्लभ अर्यालद्वारा अनुदित हास्यकदम्ब कृति हो ।

मोतीराम भट्टको आगमनसँगै शकुन्तला वि. सं. १९४४ , प्रियदर्शिका १९४८, पहलमानसिंह स्वारको अटलबहादुर १९५६ , शम्भुप्रसाद ढुंगेलको रत्नावली १९७२ पारसमणि प्रधानको सुन्दर कुमार १९७८, बालकृष्ण समको मुटुको व्यथा १९८६ , भीमनीधि तिवारीको सहनशीला सुशीला १९९५ , लक्ष्मीप्रसाद देवकोटाको सावित्री सत्यवान १९९७ , गोपालप्रसाद रिमालको मसान २००३ , यो प्रेम २०२५ , वासुशशीको सबैथोक गर्नुपर्छ २०३९ , मनबहादुर मखियाको अनि देउराली रुन्छ २०३० , गोविन्दबहादुर मल्ल गोठालेको भुसको आगो २०१३ , विजय मल्लको कोही किन वरवादहोस् २०१६, ध्रुवचन्द्र गौतमको त्यो एउटा करा २०३० , अशेष मल्लको तुवाँलोले ढाकेको बस्ती २०३१ , मोहनराज शर्माको यातनामा छटपटाएकाहरु २०३९ , सरुभक्तको निमावीय २०५५ , गोपाल पराजुली सडकपछि सडक २०४१ , अविनाश श्रेष्ठ अश्वत्थामा हतोहत: २०५० , श्रवण मुकारु यलम्वर २०५३ , जस्ता नाटकहरु विविध प्रवृत्तिमा आधारित भएर देखापरेका छन् ।

संस्कृत साहित्य र पाश्चात्य नाट्य साहित्यको सैद्धान्तिक पक्ष नेपाली नाट्य साहित्यमा अवलम्बन गरिएको छ । नाट्य साहित्यभित्र पात्र विधान महत्वपूर्ण हो । नेपाली नाट्य क्षेत्रका प्रमुख प्रतिभा र तिनका नाटकमा आधारित भएर नेपाली नाट्य क्षेत्रमा रहेको पात्र विधान प्रक्रियालाई यस अनुसन्धानमूलक लेखमा अध्ययन गरिएको छ । नाट्यतत्वमा पात्रविधान महत्वपूर्ण एवम् अनिवार्य तत्व हो । नाटकमा सहभागीहरुलाई पात्र भनिन्छ । पात्रका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्वान्हरुले चर्चा गरेका छन् । नाटकीय कथावस्तुको आरोह –अवरोहमा पात्रको भूमिका रहन्छ । आधुनिक नेपाली साहित्यमा नाटक लेखनको १२० वर्षे सघन यात्रामा उत्तरवर्ती नाट्य कृतिमा पात्र विधानको स्थिति कस्तो छ ? भन्नु नै यस अनुसन्धानमूलक लेखको मुख्य समस्या हो ।नेपाली साहित्यको नाट्य विधामा पात्र विधानको स्थिति पत्ता लगाउनु, कक्षाशिक्षणमा यसको प्रभावकारिताको खोजी गरिनु नै यसलेखको प्रमुख उद्देश्य हो । नेपाली नाट्य विधामा रहेको पात्र पात्राको स्वभाव, स्थिति, पहिल्याउनु पनि यसलेखको उद्देश्य हो ।नाटकमा पात्र विधान आवश्यक हुन्छ । नेपाली नाटकमा पात्र विधान के कसरी गरिएको छ भन्ने सम्बन्धमा अनुसन्धानमूलक ढंगबाट गहिरो अध्ययन भएको पाइँदैन । पात्र विधानको स्थितिका सम्बन्धमा यसलेखमा गहन अध्ययन भएकाले नेपाली नाट्य जगतको पात्र विधान प्रक्रियाका सम्बन्धमा ज्ञान प्राप्त गर्न मद्दत पुग्नेछ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक ढाँचाको अध्ययन हो । छनोटमा रहेका नाट्य कृतिको पात्र विधानसँग सम्बन्धित भएर अध्ययन गरी वर्णन र विश्लेषण गरिएको छ । यो लेख नेपाली नाट्य साहित्यको पात्र विधान क्षेत्रमा मात्र सीमित रहेको छ । नेपाली नाटकको आधुनिक कालमा लिखित विभिन्न धारा र प्रवृत्तिमा आधारित जम्मा चारवटा नाटकभित्रको पात्र विधानमा यो अध्ययन आधारित छ । जसमा बालकृष्ण सम र उनको अन्धवेग , गोपालप्रसाद रिमाल र उनको यो प्रेम , वासुशशी र उनको बाँसरीमा नअटाएका धुनहरु र सरुभक्त र उनको असमय अमौसम नाटकमा रहेको पात्र विधानमा मात्र केन्द्रित भएर यस लेखमा अध्ययन गरिएको छ । नेपाली नाट्य विधामा पात्र विधान शीर्षकमा केन्द्रित यस लेखमा चारवटा नाटकलाई नमुनाका रुपमा छनोट गरिएको छ । यो नमुना छनोटको आधार स्नातक र स्नातकोत्तर तहका नेपाली विषयका विशिष्टीकृत पाठ्क्रममा रहेका नाटकहरुलाई प्रवृत्तिगत प्रतिनिधित्वका आधारमा छनोट गरी विश्लेषण गरिएको छ । नेपाली नाट्य विधामा पात्र विधान शीर्षकको लेखमा नाट्य विधा ( नाट्य तत्व ), नाट्य विधामा पात्र विधानको सैद्धान्तिक आधार , नेपाली नाट्य विधामा पात्र विधान उपशीर्षकमा आधारित भएर यस लेखमा अध्ययन विश्लेषण गरिएको छ । नाटक साहित्यको पूर्ण विधा हो । नाट्य तत्वका आधारमा नाटक पूर्ण हुने गर्दछ । नाटकमा के कस्ता तत्वको अनिवार्यता हुन्छ भन्ने सन्दर्भमा पूर्वीय र पाश्चात्य नाट्य विद्वानहरुको फरक फरक मत रहेको छ । पूर्वीय साहित्यमा भरतमुनिले नाट्यशास्त्र ग्रन्थ मार्फत नाटकका लागि कथावस्तु , पात्र , रस , रगंमञ्च , भेषभूषा , अभिनय भाषा आदि तत्वहरुको आवश्यकता पर्दछ भनेर उल्लेख गरेका छन् । पाश्चात्य साहित्यमा काव्यशास्त्र ग्रन्थमा नाट्तत्वका सम्बन्धमा गहिरो अध्ययन गरिएको छ ।

पाश्चात्य नाट्यशास्त्री एरिस्टोटलले दुः खान्त नाटकका लागि कथानक , पात्र , विचारतत्व , पदरचना दृश्यविधान र गीत आवश्यक पर्ने कुरा वताएका छन् । विश्वका अधिकाशं साहित्यको नाट्य क्षेत्रमा कथावस्तु , पात्र , संवाद , भाषाशैली , अकं , दृश्य वातावरण , द्वन्द्व , उद्देश्य , अभिनय , रगंमञ्च , अनिवार्य मानिन्छ ।

## सैद्धान्तिक अवधारणा

नाट्य विधामा पात्र विधान अनिवार्य तत्व हो । नाटकमा उपस्थित सबै चरित्र वा पात्र हुन् । सहभागिहरु भूमिका आ–आफ्नै खालको हुन्छ । नाटकको कथावस्तु पात्रका माध्यमबाट दर्शक सामु प्रस्तुत हुने गर्दछ । पात्रकै अभिनयबाट नाटकले जीवन्तता र स्वाभाविकता प्राप्त गर्दछ । नाटकमा कथावस्तु , घटना , परिस्थितिको नजिकको सम्बन्ध हुनपर्दछ । नाटकमा पात्रका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्वान्हरुले विशद चर्चा गरेका छन् । लिगंका आधारमा पुरुष , स्त्री , कार्यव्यापारका आधारमा पमुख सहायक , भूमिकाका आधारमा अनुकूल प्रतिकूल , गतिशीलताका आधारमा स्थिर गतिशील रहने गर्दछन् । नायक नाटकमा मुख्य पात्रका रुपमा रहेको हुन्छ । नाटकलाई विश्वसनीय बनाउन र दर्शक वा पाठकले साधारणीकरण गर्नसक्ने बनाउन नाटकमा प्रयोग गरिने पात्रहरु कथानुकूल र स्वाभाविक हुनेगर्दछन् (भण्डारी र अन्य , २०६८ : ३३८ ) । नाटकको निर्माण कार्यमा नायकको केन्द्रीय भूमिका हुने गर्दछ । नायकको विशेषताका बारेमा आचार्य धनञ्जयको विनयशील , सुन्दर त्यागी , दक्ष मृदभाषी , लोकप्रिय शुद्ध, कूलीन , स्थीर, बुद्धिमान , शूर , तेजस्वी , धार्मिक स्वभावको हुनपर्दछ । भन्ने मान्यता राखेका छन् । पाश्चात्य नाटकमा एरिस्टोटलले दुःखान्तमा महिमाशाली व्यक्ति , विशिष्ट चरित्रवान , विचारशील , उच्चकुलीन भद्र प्रकृतिको हुनुपर्ने उल्लेख गरेका छन् । स्वभावका आधारमा नायकलाई पूर्वीय नाट्य परम्परामा धीरोदात : आत्मप्रशंसा गर्ने , स्थिर चरित्रको , क्षमाशील , अतिगम्भीर , अहंकार नभएको धीरोद्धतः मायावी छली चञ्चल अभिमानी उग्रस्वभाव, विश्वासघाती , धीरललित : निश्चिन्त कोमल स्वभाव कलाप्रेमी विनोदी , धीरप्रशान्त : सामान्य गुण भएको शान्त स्वभावको । शृंगार रसका आधारमा अनुकूल , दक्षिण शठ र धृष्ट नाटकमा नायिकाका सम्बन्धमा समेत पूर्वीय र पाश्चात्य मत रहेको छ । नाटकमा नायक जस्तै नायिका पनि सक्रिय चञ्चल , प्रभावकारी रुपवती गुणवती हुन आवश्यक हुन्छ । पूर्वीय मान्यता अनुसार नायिकाका व्यवहारलाई स्वकीया परकीया र सामान्य भनेर राखिएको छ ।

## परिणाम तथा छलफल

नेपाली साहित्यको नाट्य क्षेत्रको आधुनिककालीन नाटकहरु रहेको पात्र विधानलाई यहाँ अध्ययन गरिएको छ । साथै यसको प्रयोग कक्षाशिक्षणमा गरिएमा विधा शिक्षण समेत प्रभावकारी हुने गर्दछ ।

### अन्धवेग

नाटककार बालकृष्ण समद्वारा लिखित अन्धवेग वि. सं. १९९६ नाटक दुः खान्त नाटक हो । बहुपात्र संयोजन रहेको यस नाटकमा मानिसभित्रका दुर्गणको प्रवेशले जीवनलाई अध्यारोतिर धकेल्न पुग्छ भन्ने यथार्थलाई यस नाटकमा देखाइएको छ । अन्धवेग नाटकमा गरुडध्वज , पम्फा र जयवीर प्रमुख मुगा धुरारी , वैकण्ठमान , चेप्टे , दमाई , ठूल्नानी भानु , चिन्ची , वैद्य सहायक पात्र हुन् भने अन्धाहरु गाइने मेलाका मान्छेहरु , माग्नेहरु गौण पात्रका रुपमा छन् ।

| पात्र | लिङ्ग | कार्यव्यापार | भूमिका | स्वभाव | गतिशीलता |
|---|---|---|---|---|---|
| गरुडध्वज | पुरुष | प्रमुख नायक | सत् | धीरोदात | स्थीर |
| जयवीर | पुरुष | प्रमुख | असत् | धीरोद्धत | गतिशील |
| पम्फा | स्त्री | प्रमुख नायिका | असत् | परकीया | गतिशील |
| धुरारी | पुरुष | सहायक | सत् | | स्थीर |
| वैकण्ठमान | पुरुष | सहायक | सत् | | स्थीर |
| मुगा | स्त्री | सहायक | सत् | | स्थीर |
| चेप्टे | पुरुष | सहायक | सत् | | स्थीर |

| | | | | | |
|---|---|---|---|---|---|
| दमाई | पुरुष | सहायक | सत् | | स्थीर |
| ठूल्नानी | स्त्री | सहायक | सत् | | स्थीर |
| भानु | पुरुष बालपात्र | सहायक | सत् | | स्थीर |
| चिन्ची | स्त्री बालपात्र | सहायक | सत् | | स्थीर |
| वैद्य | पुरुष | सहायक | सत् | | स्थीर |
| अन्धाहरु | | गौण | | | |
| गाइने | | गौण | | | |
| माग्नेहरु | | गाौण | | | |

पम्फा , गरुडध्वजकी पत्नी अन्धवेगकी नायिका हो । पम्फा कै कारण नाटक दुःखान्त भएको छ । गरुडध्वज अन्धवेग नाटकको नायक उच्चकुलीन सम्पन्न प्रतिष्ठित व्यक्ति धीरोद्बात गुण सम्पन्न छ । जयवीर अन्धवेग नाटकको खलनायक नाताले गरुडध्वजको भानिज १९ वर्षे जवान पाश्चात्य शिक्षाबाट प्रभावित छ । यस नाटकका अन्य सबै पात्रहरु अनुकूल चरित्रका छन् । दु : खान्त नाट्य सिर्जनामा नाटककार समले चरित्रदोष अर्थात् सानो भूलले सुन्दर पारिवारिक जीवन लथालिंग भएको स्थिति कथावस्तु अनुरुपका पात्र चयन गरी देखाउन खोजेका छन् ।

**यो प्रेम १**

गोपालप्रसाद रिमालद्वारा लेखिएको यो प्रेम वि. सं. २०१६ नाटक यर्थाथवादी शिल्पमा आधारित छ । शेखरको बिहे भएको छ भन्ने पुरा थाहा थियो हैन गंगालाई ( रिमाल , २०१६ : १५ ) । जम्मा तीन अङ्कमा रहेको यो नाटकमा लोग्ने र स्वास्नी मान्छेका बीचको प्रेम सम्बन्ध नै मुख्य समस्याका रुपमा रहेको छ । सामाजिक समस्यालाई प्राथमिकता दिने रिमालको यस नाटकमा दुई पुरुष पात्र र तीन स्त्री पात्रको प्रयोग गरिएको छ । यसमा पनि शेखर र गंगा प्रमुख पात्रका रुपमा रहेका छन् ।

| पात्र | लिङ्ग | कार्यव्यापार | भूमिका | स्वभाव | गतिशीलता |
|---|---|---|---|---|---|
| शेखर | पुरुष | प्रमुख नायक | असत् | धीरोद्धत | गतिशील |
| गंगा | स्त्री | प्रमुख नायिका | असत् | परकीया | गतिशील |
| सानुबाबु | पुरुष | सहायक | असत् | धीरोद्धत | गतिशील |
| शशी | स्त्री | सहायक | असत् | परकीया | गतिशील |

नाटकको प्रमुख पुरुष पात्र शेखर गतिशील चरित्रको छ । भुइँचालो त अब जानैपर्छ नयाँ सहर नयाँ सडक त बन्छ , नयाँ भावना त जन्मन्छ ( रिमाल , २०१६ : ६२ ) । नाटकको सुरुमा समर्पित प्रेमीका रुपमा देखापरेको शेखर अन्तमा भोगवादी चरित्रको देखिएको छ । आन्तरिक दवन्दका कारण गंगा पनि गतिंशील बनेकी छ । सहायक पात्रका रुपमा रहेको सानुबाबु विवाहित भएता पनि शशीसँग प्रेम सम्बन्द्ध बढाउन खोज्दा शशी नजानिदो तरिकाले शेखरप्रति आकर्षित हुनपग्छे । त्रिकोणात्मक प्रेम सम्बन्धमा रहेको यो नाटक भोगवादका विरुद्ध स्वत्व भावना जागृत गराउन सफल रहेको छ ।

**वाँसुरीमा नअटाएका धुनहरु**

वासुशशी ( वासुदेव वैद्य ) को वाँसुरीमा नअटाएका धुनहरु वि. सं. २०४२ सालमा प्रकाशित नाटक हो । यस नाटकमा गरिबी र आर्थिक विपन्नताका कारण मानिसले भोग्नपरेका असहजता र त्यसले मानव जीवनमा पैदा भएका संकटलाई देखाउन खोजेको छ । जीवन बाँच्ने क्रममा इच्छा र चाहनाहरु गरिबीका कारण कसरी तुहिन पुगेका हुन्छन् भन्ने सन्दर्भमा नेपाली समाजको मार्मिक चित्रण गरिएको छ । बहुल पात्रको प्रयोग गरिएको यस नाटकमा आसलाल , कान्छी , सानी डवलीमैंया , राजु , सुब्बा , हाम्फ्रे , राजुकी आमा , साहु , कल्पना , महेश , हर्के , साहिँलो , भाँग्रा , भट्टी पसल्नी , सन्ते कार्की जस्ता पात्रहरु रहेका छन् । आसलाल , कान्छी , सानी डबलीमैंया र सुब्बा प्रमुख पात्रहरु हुन् भने अन्य पात्रहरु गौण रुपमा देखिएका छन् ।

| पात्र | लिङ्ग | कार्यव्यापार | भूमिका | स्वभाव | गतिशीलता |
|---|---|---|---|---|---|
| आसलाल | पुरुष | प्रमुख | असत् | धीरोद्धत | गतिशील |
| कान्छी | स्त्री | प्रमुख | सत् | स्वकीया | स्थीर |
| सानी | स्त्री | प्रमुख | असत् | सामान्य | गतिशील |
| डवलीमैंया | स्त्री | प्रमुख | असत् | सामान्य | गतिशील |
| सुब्बा | पुरुष | प्रमख | असत् | | गतिशील |
| राजु | पुरुष | गौण | | | |

आसलाल नाटकको प्रमुख परुष पात्र हो । आर्थिक अभावको सामना गर्ने गरिव किसानको प्रतिनिधि पात्र हो । आर्थिक अभावको सामना गर्न बाध्य व्यक्तिको पनि प्रतिनिधि हो ( भण्डारी र अन्य , २०७३ : ९१ ) । संगीत प्रेमी मिहिनेती , इमानदार र सहयोगी भावनाको तर रक्सीको कुलतमा फसेको छ । कान्छी नाटककी प्रमुख नारी पात्र हो । आसलालकी पत्नी , आदर्श गृहिणी, लोग्ने रक्सीको कुलतमा लाग्दा सुधार्न खोज्ने , भौतिक सुख सविधा र सम्पन्नता भन्दा पवित्रता र स्वाभिमानलाई स्वीकार्ने परिश्रमी नारी । सानी आसलाल र कान्छीकी छोरी नाटककी प्रमुख नारी पात्र , धनको प्रलोभनमा परेर देहव्यापारमा संलग्न । युवतीका इच्छा र चाहनाहरु सानीबाट प्रकट भएका छन् । परिवारका सदस्यको लापरवाही तथा गरिवी र विपन्नताका कारण कसरी सानी जस्ता युवतीहरु वेश्यावृत्तिमा लाग्न बाध्य भएका छन् भन्ने देखाईएको छ । सुब्बा समाजको शोषक सामन्तको प्रतिनिधि पात्र हो । डबलीमैंया पथभ्रष्ट आइमाई , युवतीहरुलाई वेश्यावृत्ति र देहव्यापारमा संलग्न गराउने पात्र ।

**असमय अमौसम**

नाटककार सरुभक्तको असमय अमौसम वि. सं. २०५४ नाटक विश्वजनिन परिवेशमा रहेको आधुनिक समस्यालाई नाट्यशैलीमा विश्लेषण गरिएको प्रयोगधर्मी नाटक हो । नाटकमा एउटै पात्रको उमेर स्वभाव र क्रियाकलाप परिवर्तन गरेर नवीन प्रवृत्तिलाई देखाइएको छ ( भण्डारी र अन्य , २०६८ : ४०२ ) । यस नाटकमा युगजीवनमा रहेको विसंगतिबोधको शूक्ष्म चित्रण गरिएको छ । नाटक प्रयोगधर्मी भएकाले पात्रहरू समेत सोही प्रकृतिका छन् । अतिबृद्ध –१ , २ र ३ , अतिबृद्धा १ , २ र ३ बृद्धा १ , २ र ३ तथा बृद्ध १ , २ र ३ तरुणी १ , २ र ३ तथा तरुण १ , २ र ३ पात्र रहेका छन् ।

| पात्र | लिङ्ग | कार्यव्यापार | भूमिका | स्वभाव | गतिशीलता |
|---|---|---|---|---|---|
| अतिबृद्ध १ | पुरुष | प्रमुख | असत् | धीरोद्धत | गतिशील |
| अतिबृद्धा १ | स्त्री | प्रमुख | सत् | स्वकीया | गतिशील |
| अतिबृद्धा ३ | स्त्री | प्रमुख | सत् | स्वकीया | गतिशील |
| अतिबृद्ध २ | पुरुष | प्रमुख | सत् | धीरोद्धात | स्थीर |
| अतिबृद्धा २ | स्त्री | प्रमुख | असत् | सामान्य | गतिशील |

अतिबृद्ध १ पुरुष प्रमुख पात्र हो भने अतिबृद्धा १ स्त्री प्रमुख पात्र हो । अतिबृद्धा ३ गतिशील सत्चरित्र हो भने अतिबृद्धा २ प्रमुख पुरुष पात्र सत् स्थिर छ । युग जीवनको विशृंखलता , विसंगति , संघर्ष , समस्या , अभावलाई नाटकले प्रस्तुत गरेको छ । मान्छेले जीवनलाई व्यवस्थित र शृंखलित बनाउन खोजेपनि त्यस्तो गर्न नसक्ने तथ्य नाटकमा पात्रका माध्यमबाट देखाइएको छ । जीवन संघर्ष भएपनि संघषै संघर्ष मात्र पनि जीवन होइन । जीवन समस्याले घेरिएको छ । डराउने व्यक्तिले जीवनमा उपलब्धि हासिल गर्न सक्दैन । समस्यालाई हटाएर स्वस्थ समाज निर्माणमा लाग्नुपर्छ । उमेर र समयको सही सदुपयोग गर्नुपर्दछ भन्ने सन्देश सहित सत्असत् पात्रको भूमिका नाटकमा देखाइएको छ ।

## निष्कर्ष

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*******************************

नेपाली साहित्यमा नाटक विधाले लेखन कार्यका विभिन्न कालखण्ड पारगर्दै वर्तमान अवस्थामा नाटक साहित्यको समृद्ध विधाका रुपमा स्थापित भएको छ । नेपाली नाट्य विधामा रहेको पात्र विधान नाट्य कथावस्तु अनुरुप तयार गरिएको छ । नाट्य विधाको आवश्यक एवम् अनिवार्य तत्व पात्र /चरित्र हो पूर्वीय र पाश्चात्य मान्यता अनुरुप पात्र विधानका सैद्धान्तिक आधारलाई अवलम्बन गर्दै अल्पपात्र र बहुपात्रको संयोजनबाट नाटक निर्माण गरिएको छ । नेपाली समाजमा आधारित कथावस्तु चयन गर्ने र कथावस्तु अनुसार पात्रको उपस्थिति गराएर भूमिका निर्वाह देखाउँदै पात्रका माध्यमबाट जीवन र जगतलाई केलाउन खोजिएको छ । जीवनलाई सुखी समृद्धितर्फ लैजान खोज्दा खोज्दै भत्किएर नासतर्फ उन्मुख भएको स्थितिले आधुनिक मानव जीवन दर्शनको संकेत गरेको छ । वर्गीयता, लिंग, कार्यव्यापार , भूमिका, गतिशीलताका आधारमा चयन गरिएका पात्रहरु नाटकमा नाटककारले प्रेम र यौनलाई समेटेका छन् । नाटक अन्धवेगमा आवश्यक भन्दा बढी पात्रको उपस्थिति छ भने यो प्रेम नाटकमा पात्रको संख्या थोरै उपस्थित गराइएको छ । पात्र विधानका आधारमा नाटक शिक्षणमा प्रयोग गरेमा शिक्षण प्रभावकारी हुने गर्दछ । मनोरञ्जनात्मक प्रेम, ह्रदयपरक प्रेम र वास्तविक प्रेमलाई समेट्ने पात्रको अभाव रहेको छ । जीवनलाई समाल्दा समाल्दै समालिन नसकेपछि बाँसुरीका सहायताले जीवन पीडा पोख्ने पात्रहरु मध्ये जीवन सम्हाल्ने एक पात्रको उपस्थित गराउन नाटककार नाटक : बाँसुरीमा नअटाएका धुनहरु नाटकमा चुकेका छन् । नवीन शैली र संरचनामा रहेको असमय अमौसम नाटक प्रयोगधर्मी सिद्धान्त अपनाउन सफल छ । अतिबृद्ध , अतिबृद्धा पात्रलाई संख्यात्मक आधारमा मात्र उपस्थित गराउनु भन्दा अरु नामाकरण दिएको भए नाट्य प्रभावकारिताका दृष्टिले उचित हुन्थ्यो ।

## सन्दर्भसामग्री सूची

उपाध्याय, केशवप्रसाद ( २०५२ ), समको दुःखान्त नाट्य चेतना , काठमाडौं : साझा प्रकाशन ।
उपाध्याय, केशवप्रसाद ( २०५६ ), नाटकको अध्ययन , काठमाडौं : साझा प्रकाशन ।
भण्डारी र अन्य ( २०६८ ), नेपाली गद्य र नाटक , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
भण्डारी र अन्य ( २०७३ ), नेपाली नाटक , एकांकी र निबन्ध , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
रिमाल, गोपालप्रसाद ( २०१६ ), यो प्रेम , काठमाडौं : साझा प्रकाशन ।
सरुभक्त, ( २०५० ), गाउँघरका नाटकहरु , काठमाडौं : साझा प्रकाशन ।